# नतिजामा आधारित
# छोटो अवधिको व्यावसायिक तालिमका लागि
# प्रशिक्षार्थी छनोट सहयोगी पुस्तिका-२०७४


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना - दोस्रो**

**(EVENT - II)**

बुद्धनगर, काठमाडौं

२०७४

प्रकाशकः व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना - दोस्रो
(EVENT - II)
बुद्धनगर, काठमाडौँ
फोन ९७७१४७८६२११, ४७८६४११
फ्याक्स ९७७१४१११७७५
टोल फ्रि नम्बरः १६६००१६७७७७
वेबसाइटः www.event.gov.np
इमेलः info@event.gov.np

© अधिकार प्रकाशकमा

व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना - दोस्रो, बुद्धनगर, काठमाडौं

**प्राविधिक सहयोगः** SDC/HELVETAS Swiss Intercooperation, Nepal

मुद्रणः एम.एस. प्रिन्टिङ्ग सोलुसन, ०१-५१९९३९८

छपाइ : १००० प्रति

# दुई शब्द

नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमलाई सुदृढ गर्न स्थापना भएको व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाको मूल उद्देश्य बजार सान्दर्भिक तालिम कार्यक्रमहरुमा समतामूलक पहुँचमा अभिवृद्धि गर्दै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (TEVT) क्षेत्रको सेवा प्रवाहलाई सुदृढ बनाउनु रहेको छ । खासगरी परियोजनाले नतिजामा आधारित छोटो अवधिको तालिममा सहभागी हुनका लागि सुविधा विहिन समूह विशेषतः लोपोन्मुख जनजाति, अति सीमान्तकृत/सीमान्तकृत जनजाति, पूर्व कमैया, पूर्व हलिया, दलित, एकल महिला, अपाङ्गता भएका व्यक्ति, मधेशी, मुस्लिम र महिलाका साथै मानव विकास सूचकांकको आधारमा पछि परेका जिल्लाका गरिब युवाहरुलाई लक्षित समूहमा समेटेको छ ।

विभिन्न व्यावसायिक विषयमा छोटो अवधिको तालिम लिन चाहने प्रशिक्षार्थीहरु, प्रशिक्षकहरु, तालिम प्रदायक संस्थाहरु तथा सो को अनुगमन कार्यमा खटिने अनुगमनकर्ताहरुलाई यो पुस्तिकाले तालिममा सहभागी छनोट गर्ने कार्यमा मार्ग निर्देशन प्रदान गर्नेछ ।

यस निर्देशिकाले तालिम लिन चाहने प्रशिक्षार्थीहरुको आवेदन फारम संकलन, सहभागी छनोट तथा मूल्याङ्कनका आधारहरु र छनोटका चरणहरु तय गर्नुका साथै छनोट समितिले पालन गर्नुपर्ने शर्तहरु समेतका विषयमा स्पष्ट गर्नाले सम्बन्धित सबैमा यथेष्ट जानकारी पुगेर विभिन्न व्यवसायिक विषयमा गुणस्तरीय तालिम लक्षित समूहमा पुग्न गई राष्ट्रले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** हुने अवस्था सृजना गर्न मद्दत पुग्ने देखिन्छ । अन्त्यमा यस पुस्तिका तयार गर्ने क्रममा अहोरात्र खटिने परियोजना सचिवालयका कर्मचारी साथीहरु र प्राविधिक सहयोग गर्ने SDC/HELVETAS Swiss Intercooperation Nepal धन्यवादका पात्र हुनुका साथै व्यावसायिक शिक्षा क्षेत्रका विभिन्न विषयमा बजारको माग अनुसार रोजगारी हासिल गर्न छोटो अवधिको तालिम लिई व्यावसायिक सीप विकासको मौकाको फाइदा सम्बन्धित सबैले लिन परियोजना हार्दिकता पूर्वक स्वागत गर्दछ ।

परियोजना सचिवालय

व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना - दोस्रो

# विषयसूची


१. परिचय १
२. लक्षित समूह १
३. तालिम तथा रोजगार प्रदायक संस्थाले प्रशिक्षार्थी छनोट गर्दा पूरा गर्नुपर्ने कार्यहरु २
- क) तालिम संचालन योजना तयार गर्ने २
- ख) तालिमको प्रचार-प्रसार तथा प्रशिक्षार्थीको आवेदन फाराम आह्वान गर्ने ३
- ग) आवेदन सङ्कलन गर्ने ३
- घ) प्रशिक्षार्थीको छनोट ४
- ङ) प्रशिक्षार्थीको प्रारम्भिक सूची प्रकाशित गर्ने ४
- च) छनोट समिति गठन र अन्तरवार्ता ४
- छ) अन्तिम नामावली प्रकाशन गर्ने ५

४. तालिम सम्बन्धी जानकारी पत्र र व्यानर ५
५. अभिमुखीकरण सञ्चालन गर्नुपर्ने ५
६. डाटावेश अपडेट गर्ने ६
७. भौचरमा आधारित तालिमको सहभागी छनोट ६
अनुसूची १: तालिम संचालन कार्ययोजना ७
अनुसूची २: विज्ञापन नमूना फारम ८
अनुसूची ३: तालिम आवेदन फारम १०
अनुसूची ४: प्रशिक्षार्थी छनोट मूल्याङ्कनका आधार १३
अनुसूची ५: प्रशिक्षार्थीको प्राप्ताङ्क फारम १५
अनुसूची ६: तालिम तथा रोजगार प्रदायक संस्था र छनोट समितिलाई निर्देशन १६
अनुसूची ७: प्रशिक्षार्थी अन्तरवार्ता प्राप्ताङ्क फारम १८
अनुसूची ८: प्रशिक्षार्थीको अन्तिम सूची प्रकाशन फारम १९
अनुसूची ९: तालिम सम्बन्धी जानकारी पत्र (Fact Sheet) २०
अनुसूची १०: तालिम सम्बन्धी व्यानरको नमूना २२

## १. परिचय

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा विश्व बैंकको आर्थिक सहयोगमा सञ्चालित व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना दोस्रोले तालिम तथा रोजगार प्रदायक संस्था मार्फत् विभिन्न पेसामा नतिजामा आधारित छोटो अवधिको व्यावसायिक तालिम (३९० घण्टे) प्रदान गर्ने कार्यक्रम रहेको छ । नतिजामा आधारित छोटो अवधिको तालिमका प्रशिक्षार्थी छनोट कार्य व्यवस्थित गर्नका लागि यो प्रशिक्षार्थी छनोट सहयोगी पुस्तिका तयार पारिएको छ ।

परियोजनाले तोकेका लक्षित समूहका वेरोजगार गरिब युवाहरुले सीप सिकी रोजगारीमा लाग्न वा स्वरोजगारी सिर्जना गर्न आफू अनुकूल पर्ने तालिम तथा रोजगार प्रदायक संस्थामा छोटो अवधिको सीपमूलक तालिम लिन सक्नेछन् । तालिमबाट लक्षित समूहका युवाहरूको  सीप, दक्षता, आत्मविश्वास र प्रतिस्पर्धा गर्ने क्षमतामा बृद्धि हुनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा  प्रवेश पाउन सक्नेछन् ।

## २. लक्षित समूह

गरिब, सुविधाविहिन क्षेत्रमा वसोवास गर्ने समुदाय, अतिसीमान्तकृत तथा सीमान्तकृत जनजाति, महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका  व्यक्ति तथा वैदेशिक रोजगारबाट फर्किएका  वेरोजगार युवाहरु यस तालिमका लक्षित समूह हुन् ।

माथि उल्लेखित लक्षित समूहलाई निम्नानुसार लक्षित वर्गमा विभाजन गरिएको छ । लक्षित वर्गका सहभागीताको आधारमा प्रोत्साहन रकमको समेत व्यवस्था गरिएको छ ।

| लक्षित वर्ग | लक्षित समूह | प्रोत्साहनको व्यवस्था |
|---|---|---|
| क | दलित[1] (महिला तथा पुरुष), विशेष समूह (एकल महिला र अपाङ्गता भएका व्यक्ति) लोपोन्मुख जनजाति[2], अति सीमान्तकृत जनजाति[3], पूर्व कमैया, (कमलर/कमलरी) र पूर्व हलिया | १००% |

१. बादी, चुनारा, दमाइ, गाइने , कामी, कदारा, पार्की, सार्की, सुनार, च्यामे, कसाइ, कुचे, कुसुले, पोडे, बाँतर, चमार, चिडिमार, धैनर, डोम, दुसाध,  गोथे, हलकर, झागड, खत्वे, लोहार, मुसहर, पासवान, तत्मा

२. किसान, कुसवाडिया, कुसुण्डा, मेचे, राजी, राउटे, लेप्चा, वनकरिया, सुरेल, र हायु

३. चेपांग, झाँगड, थामी, थुदाम, धानुक, दनुवार, बरामु, बोटे, माझी, ल्होमी, सतार, सन्थाल र सियार

| | | |
|---|---|---|
| ख | गरिब महिलाहरु (दलित बाहेक), सीमान्तकृत[४], अन्य जनजाति[५] मुस्लिम, मानव विकास सूचकांकको आधारमा पछि परेका जिल्लाका[६] गरिब युवाहरु र गरिब मधेशी पुरूषहरु | ८०% |
| ग | अन्य गरिब पुरुषहरु | ६०% |

## ३. तालिम तथा रोजगार प्रदायक संस्थाले प्रशिक्षार्थी छनोट गर्दा गर्नुपर्ने कार्यहरू

तालिम तथा रोजगार प्रदायक संस्थाहरुले निम्नानुसारको कार्यहरु अपनाई सहयोगी पुस्तिकामा दिइएको मापदण्डका आधारमा प्रशिक्षार्थीको छनोट गर्नुपर्ने छ ।

क) तालिम संचालन योजना तयार गर्ने

ख) तालिमको प्रचार-प्रसार तथा प्रशिक्षार्थीको आवेदन फाराम आह्वान गर्ने

ग) आवेदन सङ्कलन गर्ने

घ) प्रशिक्षार्थीको छनोट गर्ने

ङ) प्रशिक्षार्थीको प्रारम्भिक सूची प्रकाशित गर्ने

च) छनोट समिति गठन र अन्तरवार्ता

छ) अन्तिम नामावली प्रकाशन गर्ने

### क) तालिम संचालन योजना तयार गर्ने:

तालिम तथा रोजगार प्रदायक संस्थाले तालिम संचालन पूर्व अनुसूची १ अनुसारको योजना तालिमको सूचना प्रकाशन हुने एक हप्ता अगाडि परियोजना सचिवालयमा पेश गर्नु पर्नेछ र सोको जानकारी संयुक्त अनुगमन टोली समेतलाई गराउनु पर्नेछ ।

४. सुनुवार, थारु, तामाङ, भुजेल, कुमाल, राजवंशी, गन्गाई, धिमाल, भोटे, दराई, ताजपुरिया, पहरी, तोक्पेगोला, डोल्पो, फ्री, मुगाल, लार्के, ल्होपा, दुरा र वालुङ

५. गुरुङ, मगर, राई, लिम्बु, छैरोतन, तांबे, तीन गाउले थकाली, बाह्रगाउले, मार्फाली थकाली, शेर्पा, याक्खा, छन्त्याल, जिरेल, ह्योल्मो, व्यांसी थकाली र नेवार

६. मुगु, बाजुरा, कालिकोट, बझाङ, जाजरकोट, अछाम, हुम्ला, रोल्पा, महोत्तरी, र रौतहट

## ख) तालिमको प्रचार-प्रसार तथा प्रशिक्षार्थीको आवेदन फारम आह्वान गर्नेः

तालिम तथा रोजगार प्रदायक संस्थाहरुले ईभेन्ट सचिवालयमा तालिम माग गर्ने सन्दर्भमा गरिएको द्रुत वजार सर्वेक्षण (Rapid Market Appraisal-RMA) लाई आधार मानेर सोही जिल्ला/स्थानीय तह (गाँउपालिका/नगरपालिका) का प्रशिक्षार्थहरुलाई तालिम संचालन गर्न आवेदन आह्वन गर्ने छ । यसरी सूचना गर्दा संस्थाले सञ्चारका विभिन्न माध्यमहरू जस्तैः एफ.एम. रेडियो, पत्रपत्रिका, पर्चा, पम्प्लेट र व्यक्तिगत तथा स्थानीय सम्पर्क समूह, संस्था, स्थानीय संयोजक आदि मार्फत् सीधा सम्पर्क प्रयोग गरी तालिमका बारेमा प्रचार प्रसार गर्नुपर्नेछ। आबेदन फारम सम्बन्धी सुचना प्रकाशन/प्रसारण  गर्दा कम्तिमा तीन किसिमका संचारका माध्यमहरु अनिवार्य रुपमा प्रयोग गर्नु पर्नेछ ।

प्रचार प्रसारका निमित्त तयार पारिएका पर्चा र अन्य सामग्रीहरू सबैले सजिलै देख्ने तथा सुन्ने गरी स्थानीय तहमा सार्वजनिक गर्नु पर्नेछ। मूख्य गरी स्थानीय मन्दिर, मस्जिद, चर्च, स्तुपा, बजार, विद्यालय, क्लब, गाउँपालिका, नगरपालिका वडा कार्यालय, राजनीतिक पार्टीहरूका स्थानीय कार्यालय, सरकारी कार्यालय, गैरसरकारी कार्यालयहरू विभिन्न संघ संस्था, बसपार्क तथा लघुवित्त बैंकहरूका स्थानीय शाखा कार्यालयहरू आदिमा सूचना संप्रेशण गरी प्रचार प्रसार  गर्नु पर्नेछ ।

लक्षित समूहहरूलाई तालिमका बारेमा स्थानीय भाषामा समेत कम्तीमा १० दिनको म्याद दिई अनुसूची २ अनुसार सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ।

सूचना प्रकाशित गर्दा तालिममा भाग लिनका लागि आवश्यक योग्यता, तालिम दिने संस्था, तालिमका प्राथमिकतामा पर्ने समूह, तालिम पछि रोजगारीमा लाग्नु पर्ने वा स्वरोजगार सिर्जना गर्नुपर्ने कुरा आदिका बारेमा स्पष्ट रुपमा प्रशिक्षार्थीलाई जानकारी दिनु पर्छ ।

## ग) आवेदन सङ्कलन गर्ने :

तालिममा समावेश हुन चाहने प्रशिक्षार्थीलाई अनुसूची ३ मा दिइएको ढाँचा वमोजिमको अनलाईन अथवा आवेदन फारम (Hard Copy) मार्फत फारम भर्न लगाई तोकिएको मिति भित्र संकलन गर्नु पर्नेछ ।

**घ) प्रशिक्षार्थीको छनोटः**

नतिजामा आधारित छोटो अवधिको तालिमका लागि १६ वर्ष पूरा भई ४० वर्ष ननाघेका गरिब, सुविधाविहिन क्षेत्रमा वसोवास गर्ने समुदाय, लोपोन्मुख जनजाति, पूर्व हलिया, पूर्व कमैया (कमलर/कमलरी), अतिसीमान्तकृत तथा सीमान्तकृत जनजाति, महिला, यौनिक अल्पसंख्यक, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति तथा वैदेशिक रोजगारबाट फर्किएका वेरोजगार युवाहरुलाई अनुसूची ४ को आधारमा प्रशिक्षार्थी छनोट गरिने छ ।

**ङ) प्रशिक्षार्थीको प्रारम्भिक सूची प्रकाशित गर्ने :**

तालिम तथा रोजगार प्रदायक संस्थाले तोकिएको मापदण्ड पूरा गरी आवेदन दिएका आवेदकहरुलाई तालिमको आधारभूत विषयवस्तुका बारेमा अभिमुखीकरण गर्नु पर्नेछ । तालिमका आधारभूत विषयवस्तु भन्नाले तालिमको अवधि, दैनिक तालिम हुने समय, तालिमको सामान्य नियमहरु, खाजा नास्ताको व्यवस्था, नियमित उपस्थिति, सीप परीक्षण तथा तालिम पश्चात गर्नु पर्ने काम जस्ता विविध विषयमा जानकारी दिनु पर्नेछ ।

तालिममा सहभागी हुनका लागि आवेदन दिई अभिमुखीकरणमा उपस्थित भएका आवेदकहरु मध्येबाट अनुसूची ४ का आधारमा प्रारम्भिक छनोट गर्नुपर्ने छ । प्रारम्भिक चरणको सूची प्रकाशित गर्दा तालिमका लागि चाहिने प्रशिक्षार्थी संख्याको कम्तिमा ५० प्रतिशत थप प्रशिक्षार्थीको नामावलीका साथै अन्तरवार्ता मिति र स्थान प्रकाशित गर्नुपर्ने छ । कम्तिमा ३ दिनको समय दिई पायक पर्ने स्थान तोकी प्रशिक्षार्थीको अन्तरवार्ता संचालन गर्नु पर्नेछ ।

**च) छनोट समिति गठन र अन्तरवार्ताः**

तपसिल वमोजिमको ३ सदस्यीय छनोट समिति गठन गरी अन्तरवार्ता लिनु पर्नेछ।

क. तालिम तथा रोजगार प्रदायक संस्थाका प्रतिनिधि : संयोजक

ख. सम्बन्धित विषय विज्ञ वा प्रशिक्षक : सदस्य

ग. सम्भावित रोजगारदाताको प्रतिनिधि : सदस्य

अन्तरवार्तामा इभेन्ट परियोजनाको संयुक्त अनुगमन टोलीका सदस्यहरुलाई अवलोकनकर्ताको रुपमा आमन्त्रण गर्नु पर्नेछ ।

अन्तरवार्ता गर्दा  अनुसूची ५, ६ र ७ मा दिइएको विषयवस्तु, ढाँचा र निर्देशनका आधारमा अन्तरवार्ता लिनु पर्नेछ ।

**छ) अन्तिम नामावली प्रकाशन गर्ने :**

अनुसूची ५ र ७ को स्कोरिङको आधारमा छनोट समितिले उच्चदेखि न्यून अङ्क पाउने प्रशिक्षार्थीहरुको अनुसूची ८ अनुसार अन्तिम नामावली थप १० प्रतिशत वैकल्पिक सूची सहित प्रकाशित गर्नु पर्नेछ । छनोट सूचीमा परेका प्रशिक्षार्थीहरूलाई तालिम सञ्चालन हुने ठाउँ र मितिको बारेमा जानकारी गराउनु पर्नेछ ।

## ४. तालिम सम्बन्धी जानकारी पत्र र व्यानर

तालिम तथा रोजगार प्रदायक संस्थाले तालिम संचालन गरेको स्थानमा सवै प्रशिक्षार्थीहरुले देख्ने  गरी अनुसूची ९ अनुसार तालिम हलमा तालिम सम्बन्धी जानकारी पत्र (Fact Sheet) र अनुसूची १० अनुसार तालिम हल वाहिर व्यानर अनिवार्य रुपमा राख्नु पर्नेछ ।

## ५. अभिमुखीकरण सञ्चालन गर्नुपर्ने

तालिम तथा रोजगार प्रदायक संस्थाहरुले तालिम शुरु हुनु अघि तालिममा छनोट भएका सबै प्रशिक्षार्थीहरुलाई तालिम सम्बन्धमा अभिमुखीकरण गर्नुपर्नेछ। अभिमुखीकरण गर्दा अनुसूची ९ (Fact Sheet) मा भएका विषयवस्तु सहित सम्बन्धित विषयको दैनिक रुपमा सिकिने सीपहरु, तालिमको समय, पालना गर्नुपर्ने नियमहरु, प्रशिक्षार्थीहरुले प्राप्त गर्ने सेवा सुविधाहरु र प्रशिक्षक सम्बन्धी जानकारी आदि समावेश हुनुपर्नेछ । अभिमुखीकरणको समयमा सवै प्रशिक्षार्थीहरुलाई तालिम अवधिभरको दैनिक कार्यतालिका उपलव्ध गराउनु पर्नेछ ।

## ६. डाटावेश अपडेट गर्नेः

नतिजामा आधारित छोटो अवधिको तालिम संचालन गर्ने तालिम तथा रोजगार प्रदायक संस्थाले अनुसूची ३ अनुसार प्रशिक्षार्थीले भरेको आवेदन फारमहरु ईभेन्ट परियोजनाको डाटावेश प्रणालीमा प्रविष्ट गरी अन्तरवार्ताको प्रकृया प्रारम्भ गर्नु पर्नेछ । अन्तरवार्तामा सफल भई तालिममा सहभागी भएका सम्पूर्ण प्रशिक्षार्थीहरुको डाटावेस अध्यावधिक गर्ने जिम्मेवारी समेत तालिम तथा रोजगार प्रदायक संस्थाको नै हुनेछ ।

## ७. भौचरमा आधारित तालिमको सहभागी छनोट

भौचरमा आधारित तालिमको सहभागी छनोटका सन्दर्भमा तालिमका लागि आवेदन फारम भराउने, प्रारम्भिक छनोट गर्ने, अन्तवार्ता गरी अन्तिम नामावली प्रकाशन गर्ने र  भौचर वितरण गर्ने कार्य यसै सहयोगी पुस्तिकाको आधारमा ईभेन्ट सचिवालयले गर्ने छ ।

अन्तिम नामावलीमा छनोट भएका सहभागीहरुलाई मेलाको आयोजना गरी भौचर वितरण गर्ने कार्य ईभेन्ट सचिवालयले गर्नेछ ।

## अनुसूची - १
## तालिम संचालन कार्ययोजना

तालिम तथा रोजगार  प्रदायक संस्थाको नामः ठेगानाः

सम्पर्क व्यक्तिको नामः सम्पर्क नम्बरः

| तालिम समूह नं. | तालिमको विषय | तालिम संचालन हुने स्थान | | | | प्रशिक्षार्थी संख्या | आवेदन फारम आह्वान | | प्रारम्भिक सूची प्रकाशित मिति | अन्तरवार्ता हुने मिति | अन्तिम नामावली प्रकाशन मिति | तालिम सुरु हुने मिति | तालिम संचालन हुने समय | तालिम व्याच |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा/ न.पा | वडा नं. | टोल | | सुरु मिति | अन्तिम मिति | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

# अनुसूची - २
## विज्ञापन नमूना फारम

**सुवर्ण अवसर !  सुवर्ण अवसर ! !  सुवर्ण अवसर ! ! !**

**विभिन्न व्यावसायिक विषयमा निशुल्क तालिम सम्बन्धी सूचना**

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, इभेन्ट परियोजना दोश्रोको सहयोगमा यस ............................................................ संस्था द्वारा मिति ...................... देखि ........................ सम्म तपसिलका विषयहरूमा रोजगारीको सुनिश्चितता सहित सिटिईभिटीको पाठ्यक्रम अनुसार ३९० घण्टे निशुल्क तालिम (खाजा सहित) सञ्चालन गरिने भएकोले तालिम लिन इच्छुक व्यक्तिहरूले यस संस्थामा मिति ......................... सम्ममा आवेदन दिनुहुन अनुरोध गरिन्छ । आवेदन फाराम यस संस्थाको .............................. स्थित कार्यालयमा निशुल्क प्राप्त गर्न सकिनेछ । तालिममा प्रशिक्षार्थी हुन निम्न बमोजिमको योग्यता हुनु पर्नेछ ।

- ➢ सामाजिक तथा आर्थिक रूपले विपन्न
- ➢ नेपाली नागरिक
- ➢ उमेरको हकमा: १६ देखि ४० वर्ष सम्मका महिला तथा पुरूष
- ➢ तालिमका लागि कम्तीमा साक्षर हुनुपर्नेछ

**तालिम सञ्चालन हुने विषयहरू:**

| विषय | प्रशिक्षार्थी संख्या | तालिम सञ्चालन हुने स्थान |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**प्राथमिकतामा पर्ने समूहहरू**

लोपोन्मुख, अतिसीमान्तकृत तथा सीमान्तकृत जनजाति, महिला, आदिवासी जनजाति, मुस्लिम, गरिब मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति तथा वैदेशिक रोजगारबाट फर्किएका वेरोजगार युवाहरु, अन्य जातजातीका गरिब वेरोजगार युवाहरु तथा मानव विकास सूचांकमा पछि परेका जिल्लाहरुका गरिब वेरोजगार युवाहरु ।

तालिम पश्चात सीप परीक्षणका साथै रोजगारीमा समेत सहजीकरण गरिनेछ ।

**फारम वुझाउने स्थानः**

तालिम दिने संस्थाको सम्पर्क व्यक्तिको नामः ...........................................

मोबाइल नं. : .....................................

## अनुसूची - ३
## तालिम आवेदन फारम

*आवेदन फाराम निःशुल्क रुपमा उपलब्ध हुने*

फोटो

दर्ता नं.........................

**१. तालिममा प्रशिक्षार्थी हुन चाहने व्यक्तिको विवरण**

आवेदकको नाम .......................................... थरः....................

Applicant Name (In Capital letter): .........................................

**२. जाति समूहः** ☐ दलित ☐ जनजाति ☐ मधेसी ☐ मुस्लिम ☐ अन्य

**३. लिङ्गः** ☐ महिला ☐ पुरुष ☐ तेस्रो लिङ्गी

**४. जन्म मितिः** गते.................. महिना................ साल....................

**५. वैवाहिक अवस्थाः** ☐ विवाहित ☐ अविवाहित ☐ एकल

**६. विशेष अवस्थाः** ☐ अपाङ्गता ☐ एकल महिला ☐ पूर्व कमैया ☐ हलिया

** विशेष अवस्था भएका आवेदकले प्रमाण खुलेको कागजातको फोटोकपी आवेदनसाथ पेश गर्नुपर्नेछ ।*

**७. शैक्षिक विवरण उपर्युक्त कोठामा (✓) चिन्ह लगाउनुहोस्:**

| | | | |
|---|---|---|---|
| | निरक्षर | | एसएलसी/एस ई ई उत्तीर्ण |
| | साक्षर | | उच्च माध्यमिक तह उत्तीर्ण |
| | कक्षा ८ उत्तीर्ण | | स्नातक तह वा सो भन्दा माथि |

** शैक्षिक योग्यताको प्रमाण पत्र र नागरिकताको सक्कल प्रति अन्तरवार्ताको समय साथमा लिई आउनु पर्नेछ ।*

**८. रोजगारी तथा आय विवरणः** हालको रोजगारीको स्थितिः ☐ बेरोजगार

☐ अर्धरोजगार ☐ रोजगार

**रोजगारी/अर्धरोजगार हुनुहुन्छ भने कस्तो कार्य हो ?**

☐ सामान्य शिक्षाले हुने कार्य ☐ व्यावसायिक शिक्षाले हुने कार्य

☐ व्यावसायिक तालिमले हुने कार्य

यदि तपाई रोजगार/अर्धरोजगारमा हुनुहुन्छ भने वार्षिक आम्दानी (आफ्नो आय मात्र)

| | | | |
|---|---|---|---|
| ज्यालादारीबाट भएको आम्दानी रु........................ | ज्यालादारी बाहेक अन्य रोजगारीबाट भएको आम्दानी............. | कृषिबाट भएको आम्दानी रु................ | प्रतिवर्ष कुल आम्दानी रु ............... |
| व्यापारबाट भएको आम्दानी र................. | आफ्नै स्वामित्वको व्यवसायबाट भएको आम्दानी रु......................... | अन्य कामबाट भएको आम्दानी रु.......... | |

**९. तपाईको परिवारको औषत वार्षिक आम्दानी कति होला ? तपाईको बाहेक**

| | | | |
|---|---|---|---|
| ज्यालादारीबाट भएको आम्दानी रु............... | ज्यालादारी बाहेक अन्य रोजगारी बाट भएको आम्दानी रु.............. | व्यापार व्यवसायबाट भएको आम्दानी रु............. | कृषि/पशुपंक्षी पालनसहित आम्दानी रु............ |
| बैदेशिक रोजगारीबाट गरेको आम्दानी रु.................. | परिवारले गरेको व्यवसायबाट भएको आम्दानी रु............... | अन्य कामबाट भएको आम्दानी रु......... | प्रतिवर्ष कुल आम्दानी अनुमानित रु............. |

**१०.. तपाईको परिवारमा आफ्नै उत्पादनले कति महिना खान पुग्छ ?**

| | |
|---|---|
| ..................... महिनासम्म | ..................... बर्ष भरी |

**११. के तपाईले यस भन्दा पहिले कुनै तालिम लिनुभएको छ ?**

☐ छ ☐ छैन ।

यदि छ भने, तालिमको नाम...................... तालिमको अवधि ...............

**थप तालिम लिन इच्छुक हुनुहुन्छ ?** ☐ छ ☐ छैन

**छ भने कुन तालिम लिन चाहानुहुन्छ ?**

☐ तह-१ (३ महिने) ☐ तह-२ (६ महिने)

☐ औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship Training)

**१२. तालिम लिन चाहेको विषयः .......................................................**

**१३. तालिम लिन ईच्छुक हुनाका कारण उपर्युक्त कोठामा (✓) चिन्ह लगाउनुहोस्**

| | | | |
|---|---|---|---|
| | आफ्नै व्यावसाय सुरु गर्न | | ज्यालादारी/तलबमा काम गर्न |
| | आफ्नो सीप विकास गर्न | | बैदेशिक रोजगारमा जान |

**१४. तपाईले यो तालिमको बारेमा कसरी जानकारी पाउनुभयो ?**

☐ पत्रपत्रिका ☐ पोष्टर पम्पलेट ☐ एफ.एम रेडियो ☐ आफन्त/साथीहरु

☐ तालिम दिने संस्था ☐ स्थानीय कार्यालयहरु

☐ दलित/महिला/जनजाति संघ/संस्थाहरु ☐ अन्य...........................

**१५. तपाईको बारेमा जानकारी लिनु परेमा**

तपाईलाई चिन्ने व्यक्ति..................... मोबाइल नम्बर.....................

**१६. आवेदकको ठेगानाः**

| **स्थायी ठेगाना** | **हालको ठेगाना** |
|---|---|
| प्रदेश नं........ जिल्लाः................. | **यदि स्थायी ठेगाना भन्दा फरक भएमा मात्र भर्नुपर्ने** |
| गा.पा./न.पाः ............................ | प्रदेश नं......जिल्लाः .................... |
| टोल/बस्ती.......... वडा नं........... | गा.पा./न.पाः ............................ |
| फोन/मोवाइल नं........................ | टोल/बस्ती ......... वडा नं. ......... |
| नागरिकता नं............................. | फोन नं. .................................. |
| नागरिकता लिएको सालः.............. | मोवाइल नं. ............................. |
| नागरिकता लिएको जिल्लाः............ | नागरिकता नं. ........................... |
| बाबुको नाम थरः ........................ | |
| आमाको नाम थरः ...................... | |

**१७. तपाईको परिवारमा तपाईसहित कति सदस्य छन्................ जना**

**१८. तपाई वैदेशिक रोजगारीबाट फर्कनु भएको** ☐ **हो** ☐ **होइन ?**

**१९. तपाई वैदेशिक रोजगारीमा जाने सोचाईमा हुनुहुन्छ ?** ☐ छु ☐ छैन

**हुनुहुन्छ भने राहदानी (पासपोर्ट) वनाउनु भएको छ ?** ☐ छ ☐ छैन

छ भने पासपोर्ट नं...............

**२०. के तपाई काम खोज्नका लागि निशुल्क रोजगारी (Job Placement) सहजीकरणको सेवा लिन चाहानुहुन्छ ?** ☐ चाहान्छु ☐ चाहान्न

माथि उल्लिखित विवरणहरु पूर्ण सत्य छन् । विवरण झुठ्ठा भरी वा फारममा पूरा विवरण नभरी फारम अस्वीकृत भएमा सो को जिम्मेवार म आफै हुनेछु ।

आवेदकको हस्ताक्षर .....................मिति......................

## अनुसूची - ४
## प्रशिक्षार्थी छनोट मूल्यांकनका आधार

| क्र.सं | मूल्याङ्कनका आधार | अधिकतम अङ्क | |
|---|---|---|---|
| १ | सामाजिक /जातिगत वर्ग (१५) | दलित, लोपोन्मुख, अति सीमान्तकृत, पूर्व कमैया, (कमलर/कमलरी), पूर्व हलिया रएकल महिला | १५ |
| | | सीमान्तकृत जनजाति र मुस्लिम | १२ |
| | | गरिब मधेशी र अन्य जनजाति | ९ |
| | | अन्य जाति | ६ |
| २ | लैङ्गिक वर्ग (५) | महिला र तेस्रो लिङ्गी | ५ |
| | | पुरुष | ३ |
| ३ | आयस्तर (१५) | आफ्नै परिवारको कृषि उत्पादनबाट ३ महिनासम्म खान पुग्ने वा मासिक रु. ४००० सम्म आम्दानी गर्ने | १५ |
| | | आफ्नै परिवारको कृषि उत्पादनबाट ६ महिनासम्म खान पुग्ने वा मासिक रू.६००० सम्म आम्दानी गर्ने | १० |
| | | आफ्नै परिवारको कृषि उत्पादनबाट ६ महिना भन्दा बढी तर १ वर्ष भन्दा कम समयसम्म खान पुग्ने वा मासिक औषत रु. ६००० भन्दा बढी तर रू ९७०० भन्दा कम आम्दानी गर्ने | ५ |
| ४ | शैक्षिक योग्यता (१०) | साधारण लेखपढ गर्न जान्ने | ७ |
| | | ८ कक्षा उत्तीर्ण | १० |
| | | एस.एल.सी./एस.ई.ई. उत्तीर्ण | ४ |

| | | | |
|---|---|---|---|
| ५ | अपाङ्गता (१०) | अपाङ्गता परिचय पत्र भएकालाई | १० |
| ६ | भौगोलिक अङ्क (१०) | मानव विकास सूचक न्यून रहेको जिल्लाका युवाहरु | १० |
| ७ | अन्तरवार्ता (३५) | आत्म विश्वास | ७ |
| | | तालिम प्रतिको दृष्टिकोण | ७ |
| | | तालिम पूरा गर्ने प्रतिवद्धता | ७ |
| | | तालिमपश्चात् रोजगारीका लागि योजना | ७ |
| | | उद्यमशीलता | ७ |
| | १०० | जम्मा | १०० |

## अनुसूची - ५

## प्रशिक्षार्थीको प्राप्ताङ्क फारम

**(तालिम प्रदायक संस्थाले अन्तरवार्ता लिनु भन्दा अघि भर्नुपर्ने)**

तालिम तथा रोजगार प्रदायक संस्थाः.................................................. पेशाको नामः .....................................

तालिम सञ्चालन हुने स्थान ..................................जम्मा आवेदक संख्या.......... (...........महिला.............पुरुष)

प्रारम्भिक छनोटमा परेका आवेदक संख्या.......... (...........महिला.............पुरुष) अन्तरवार्ता मितिः

| क्रम संख्या | आवेदकको नाम | सामाजिक जातिगत वर्ग (१५) | लैङ्गिक वर्ग (५) | आयस्तर (१५) | शैक्षिक योग्यता (१०) | अपाङ्गता (१०) | भौगोलिक अङ्क (१०) | जम्मा प्राप्ताङ्क (६५) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची-६

## तालिम तथा रोजगार प्रदायक संस्था र छनोट समितिलाई निर्देशन

**तालिम तथा रोजगार प्रदायक संस्थाहरुलाई निर्देशनः**

- निवेदकहरूको फारम र संलग्न गरेका कागजातहरूको राम्रोसँग रूजु गर्नुहोस् ।
- निवेदकहरूले न्यूनतम योग्यता पूरा गरेको निर्धारण गर्नुहोस् ।
- त्यसपछि सम्पूर्ण सम्भाव्य प्रशिक्षार्थीहरूलाई अनुसूची ४ को १ र २ अनुसार अङ्क प्रदान गर्नुहोस् । यसका लागि इभेन्ट परियोजना दोश्रोको डाटाबेस प्रणाली (EDS) मा भएको प्रशिक्षार्थी आवेदन फारम इन्ट्री गरी EDS को रिपोर्टबाट विवरण लिन सकिनेछ ।
- अङ्क प्रदान गरिसकेपछि प्राप्ताङ्क आधारमा बढी अङ्क प्राप्त गर्ने प्रशिक्षार्थीहरु मध्ये उपलब्ध कोटाको ५० प्रतिशत बढी प्रशिक्षार्थी प्रारम्भिक सूचीको रुपमा छनोट गर्नुहोस् । (जस्तै एउटा तालिम समूहमा २० जनाको कोटा भएमा कम्तिमा ३० जना प्रशिक्षार्थी छनोट गर्नुहोस्)
- अन्तरवार्ताको समयमा छनोट समितिलाई स्कोर फारम दिनुहोस् ।
- प्रारम्भिक सूचीमा परेका प्रशिक्षार्थीहरुलाई अन्तरवार्ता अघि अभिमुखीकरणको व्यवस्था गर्नुहोस् ।

**छनोट समितिलाई निर्देशनः**

- अनुसूची ४ को १ र २ अनुसार पुनः निश्चित गर्न त्यस सम्बन्धी प्रश्न सोध्नुहोस् ।
- अनुसूची ४ को १ र २ अनुसार बुँदा नं ४ र ६ का निम्ती प्रशिक्षार्थीहरूसँग अन्तरवार्ताको समयमा उसको साक्षरता र गणितीय सीप, तालिम पूरा गर्ने प्रतिवद्धता र तालिम पश्चात प्रशिक्षार्थीले रोजगारीमा जान देखाउने उत्प्रेरणा, तालिम प्रतिको झुकाव, दूरदृष्टी र उसमा निहित उद्यमशीलतासँग सम्बन्धित प्रश्नहरू सोध्नुहोस् र यसका आधारमा अङ्क प्रदान गर्नुहोस् ।
- यसपछि उसको सम्पूर्ण प्राप्ताङ्क जोड्नुहोस् । सबै अन्तरवार्ताकारबाट प्राप्त प्राप्ताङ्क जोडेर औषत प्राप्ताङ्क निकाल्नुहोस्
- अन्तरबार्ता सम्पन्न भएपछि बढी अङ्क प्राप्त गर्ने प्रशिक्षार्थीलाई पहिलो

स्थानमा राख्नुहोस् । यदि एकभन्दा बढी प्रशिक्षार्थीको अङ्क बरावर भएमा नेपाली बर्णानुक्रम अनुसार सूचीकृत गर्नुहोस् ।

- तालिमको लागि अन्तिम नामावली प्रकाशन गर्दा आवश्यक संख्याको कम्तिमा १०५ वैकल्पिक सहितको नामावली प्रकाशन गर्नु पर्नेछ । (जस्तै २० जना प्रशिक्षार्थीको हकमा कम्तिमा २ जना वैकल्पिक हुनु पर्नेछ)

**अन्तरवार्ता सकिएपछि प्रशिक्षार्थीलाई निम्नलिखित कुराहरू भन्नुहोस्:**

- उच्चतम अङ्क प्राप्त गर्ने प्रशिक्षार्थीहरुलाई तालिम कोटाका आधारमा तालिममा सहभागी गराइनेछ ।
- प्रशिक्षार्थीहरूका विस्तृत विवरण सङ्कलन गर्नका लागि उनीहरूका घरघरमा जान सकिने बारेमा अन्तरवार्ताको बेलामा जानकारी गराइनेछ ।
- प्रशिक्षार्थीहरुलाई तालिम सम्पन्न भईसके पश्चात रोजगारीको सुनिश्चितता हुने कुरा जानकारी गराइनेछ ।
- प्रशिक्षार्थीहरुलाई तालिम पश्चात अनिवार्य रुपमा सीप परीक्षण गराइनेछ र सफल हुने प्रशिक्षार्थीहरुलाई राष्ट्रिय  सीप परीक्षण समिति/सिटिईभिटी को प्रमाण पत्र उपलब्ध गराइने छ ।

## अनुसूची - ७
## प्रशिक्षार्थी अन्तरवार्ता प्राप्ताङ्क फारम

| क्रम संख्या | प्रशिक्षार्थीको नाम | आत्म विश्वास (७) | तालिम प्रतिको दृष्टिकोण (७) | तालिम पूरा गर्ने प्रतिबद्धता (७) | तालिम पश्चात् रोजगारीका लागि योजना (७) | उद्यमशीलता (७) | जम्मा (३५) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची - ८

## प्रशिक्षार्थीको अन्तिम सूची प्रकाशन फारम

| क्रम संख्या | प्रशीक्षार्थीको नाम | प्रशिक्षार्थीको व्यक्तिगत छनोटको अंक-६५ (अनुसूची) ५ | अन्तरवार्ताबाट प्राप्त औषत अंक- ३५ (अनुसूची- ७) | जम्मा प्राप्ताङ्क (१००) | योग्यताक्रम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची - ९

## तालिम सम्बन्धी जानकारी पत्र (Fact Sheet)

तालिम तथा रोजगार प्रदायक संस्थाको नामः .........................................

तालिम स्थलको पूरा ठेगानाः ..............................................................

| तालिमको विषय | |
|---|---|
| पेशागत सीप मापदण्ड | तह १ (राष्ट्रिय सीप परीक्षण समिति र सिटिईभिटी द्वारा प्रमाणित) |
| तालिम अवधि | ३९० घण्टा (३ महिना) |
| तालिम हुने मिति | सुरू हुने मितिः.......... समापन हुने मितिः.......... |
| तालिमका लागि सहयोग गर्ने संस्था | सहयोगी संस्थाः नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय इभेन्ट परियोजना दोस्रो THE WORLD BANK |
| छनोट भएका जम्मा प्रशिक्षार्थी | २० जना |
| तालिमको उद्देश्य | बजारको माग अनुसारका प्रतिस्पर्धी र दक्ष ............. ................................ बनाउने । |
| तालिम पाठ्यक्रम संरचना | २०% सैद्दान्तिक ज्ञान । ८०% व्यावहारिक ज्ञान । जीवन उपयोगी सीप र व्यावसाय विकास तथा व्यवस्थापनका अन्य तालिम एवम् अभिमुखीकरण । |
| लक्षित समूह | ➢ १६-४० वर्ष उमेर समूहका वेरोजगार महिला तथा पुरुषहरु ।<br>➢ दलित, अपाङ्ग, एकल महिला, कमलर/कमलरी, लोपोन्मुख, अतिसीमान्तकृत जनजाति र मधेसी ।<br>➢ वैदेशिक रोजगारीबाट फर्केका वेरोजगार युवाहरु ।<br>➢ अन्य गरिब युवाहरु |
| तालिम सम्बन्धी जानकारी प्राप्त गर्ने माध्यमहरु | स्थानीय पत्रपत्रिका, रेडियो, पोष्टर, पप्लेट, सार्वजनिक स्थानमा टाँसिने सूचना, स्थानीय संघसंस्था तथा गा.पा/न.पा हरूबाट पाइने । |

| | |
|---|---|
| तालिम आवश्यकताका लागि पहिचान गरिएको विधि | द्रुत बजार अनुसन्धान (बजार अनुसन्धानमा आधारित तालिम) |
| अपेक्षित रोजगारीको प्रकृति | तालिम सकिएपछि तालिम लिएकै विषयमा स्वरोजगार, ज्यालादारी/मासिक तलबमा रोजगारमा जानु पर्ने । |
| प्रतिव्यक्ति तालिम खर्च | ............................. |
| तालिमपछिको अपेक्षित आम्दानी | नेपालमा न्यूनतम मासिक रू.९,७००/- भारतमा रु १५,५००/- अन्य वैदेशिक रोजगारमा २५,०००/- |
| तालिम तथा रोजगार प्रदायक संस्थाले प्रशिक्षार्थीलाई गर्ने सहयोग | ➢ सबै प्रशिक्षार्थीका लागि निशुल्क तालिम ।<br>➢ दैनिक रू.७५/- बराबरको खाजा उपलब्ध गराइने ।<br>➢ तालिम अवधि सकिएपछि राष्ट्रिय सीप परीक्षण समितिबाट लिइने सीप परीक्षामा निःशुल्क सहभागिता गराइने ।<br>➢ तालिम लिइसके पछि रोजगारीका लागि सहजीकरण गरिने ।<br>➢ तालिम लिइसके पछि ६ महिना सम्म प्रशिक्षार्थीको रोजगारी र आयको अवस्था विश्लेषण तथा अन्य सेवाका लागि उत्प्रेरणात्मक सहयोग गरने । |

***तालिम सम्बन्धी कुनै जिज्ञासा वा गुनासो भएमा ईभेन्ट परियोजनाको टोल फ्रि नम्बरः १६६००१६७७७७ मा सम्पर्क राख्नुहोला । यो नम्बरमा फोन गर्दा पैसा लाग्दैन ।***

नोटः जानकारी पत्रको साइजः ४×६ फिटको हुन पर्नेछ ।

## अनुसूची - १०
## तालिम सम्बन्धी व्यानरको नमूना

**नेपाल सरकार,**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना दोस्रो**
**(EVENT - II) को सहयोगमा**

**नि:शुल्क तालिम सञ्चालन**

तालिमको नाम:

तालिम सुरु हुने मिति:

तालिम समापन हुने मिति:

तालिम अवधि:

तालिम हुने स्थान:

तालिम तथा रोजगार प्रदायक संस्थाको नाम:

आर्थिक सहयोग: नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, इभेन्ट परियोजना दोस्रो; THE WORLD BANK

**व्यानर वनाउँदा ध्यान दिनुपर्ने कुराहरू:**

- व्यानरका लागि न्यूनतम साइज: ३×५ फिट हुन पर्नेछ ।
- यो ब्यानरको शीर्षकले कुल ब्यानर साइजको १० प्रतिशत स्थान लिनुपर्नेछ ।
- सूचना राखिएको बीचको भागले कुल ब्यानर साइजको ६० प्रतिशत स्थान लिनुपर्नेछ ।
- आर्थिक सहयोग गर्ने संस्थाका लोगोहरूले २० प्रतिशत स्थान लिनुपर्नेछ ।
- यो ब्यानर अनिवार्यरुपमा हरेक तालिम हुने स्थानमा राख्नुपर्नेछ ।
- यो ब्यानर तालिम केन्द्र हुँदै आउजाउ गर्ने व्यक्तिले प्रस्टसँग देखिने गरी राख्नु पर्नेछ
- तालिम सुरु हुनु अघि आआफ्ना सस्थाका तालिमबारेको जानकारी अनिवार्य रुपमा राख्नुहोस् ।